**ग्रामीण महिला सिर्जनशील परिवारको ३३औँ स्थापना दिवस**

**महिला अधिकार र सामाजिक न्यायमा योगदान पुऱ्याउने १२ महिला सम्मानित**

**सिन्धुपाल्चोक, ३१ साउन २०८३**

ग्रामीण महिला सिर्जनशील परिवारले आफ्नो ३३औँ स्थापना दिवस विभिन्न कार्यक्रमसहित सम्पन्न गरेको छ । स्थापना दिवसको अवसरमा महिला अधिकार, लैङ्गिक समानता, हिंसामुक्त समाज निर्माण र सामाजिक न्यायका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका विभिन्न क्षेत्रका १२ जना महिलालाई **'सिर्जनशील समानता पुरस्कार'** बाट सम्मान गरिएको छ ।

सम्मानित हुनेहरूमा महिला हिंसाविरुद्धको अभियानकी जेन्जी अभियन्ता **मनिषा रानामगर**, संस्थाकी पूर्वअध्यक्ष **कल्याणी नेपाल,** संस्थापक रामदेवी तामाङ, कान्तिपुरकी सञ्चारकर्मी **कमला पाखिन**, राजनीतिक नेता तथा सफल हिमाल आरोही **माया गुरुङ**, निवर्तमान उपाध्यक्ष तथा उपप्रमुख भोटेकोशी गाउँपालिकाकी **दाबुटी शेर्पा**, त्रिपुरासुन्दरी गाउँपालिकाकी **दुर्गादेवी नेपाल**, जुगल गाउँपालिकाकी **सिर्जना तामाङ**, लिसङ्खुपाखर गाउँपालिकाकी **हेमगंगा मोक्तान**, सुनकोशी गाउँपालिकाकी **लक्ष्मी पौडेल**, बलेफी गाउँपालिकाकी **कमला कायस्थ** र बाह्रबिसे नगरपालिकाकी **सुशिला पाखिन** रहेका छन् ।

संस्थाले महिला अधिकार, लैङ्गिक समानता, हिंसाविरुद्धको अभियान, सामाजिक न्याय तथा जोखिममा रहेका व्यक्ति र समुदायको पक्षमा योगदान पुऱ्याउने व्यक्तित्वलाई हरेक वर्ष 'सिर्जनशील समानता पुरस्कार' प्रदान गर्दै आएको छ । आफ्नो जीवनमा भोगेका कठिन संघर्ष र चुनौतीलाई शक्तिमा रूपान्तरण गर्दै सामाजिक परिवर्तनमा योगदान पुऱ्याउने महिलाको काम र नेतृत्वलाई सम्मान गर्नु पुरस्कारको मुख्य उद्देश्य रहेको संस्थाले जनाएको छ ।

कार्यक्रमको उद्घाटन पूर्व स्थानीय विकासमन्त्री तथा संस्थाका सल्लाहकार अमृतकुमार बोहरासहित स्थानीय तहका प्रमुख तथा उपप्रमुख, वडाध्यक्ष, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक र संस्थाका संस्थापक तथा साधारण सदस्यहरूले ३३ वटा दीप प्रज्वलन गरी गरेका थिए । कार्यक्रममा संस्थाकी अभियन्ता टिका थापाले सांगीतिक प्रस्तुति समेत दिनुभएको थियो ।

**तीन दशकदेखि महिला अधिकारको अभियानमा**

ग्रामीण महिला सिर्जनशील परिवारको स्थापना वि.सं. २०५० साल साउन ३२ गते भएको हो । स्थापनाकालदेखि नै संस्थाले ग्रामीण क्षेत्रमा महिलामाथि हुने विभेद, मानव बेचबिखन, आधुनिक दासता तथा हिंसाविरुद्ध विभिन्न अभियान सञ्चालन गर्दै सामाजिक न्याय र समानताको प्रवर्द्धनमा काम गर्दै आएको छ । साथै, बालबालिका तथा किशोरकिशोरीको शिक्षा र अधिकार संरक्षणका क्षेत्रमा पनि संस्थाले निरन्तर काम गर्दै आएको छ । संस्थापक अध्यक्ष देवी अधिकारीले विभिन्न चुनौतीका बाबजुद

समुदायदेखि जिल्लास्तरसम्म बालबालिकाको अधिकार संरक्षण र सामाजिक रूपान्तरणका लागि संस्थाले निरन्तर योगदान दिँदै आएको बताउनुभयो।

कार्यक्रममा महिलाले भोग्दै आएका हिंसा, विभेद र चुनौतीविरुद्ध अग्रज महिलाले गरेका संघर्ष तथा त्यसले वर्तमान पुस्ताको नेतृत्व विकासमा पुऱ्याएको योगदानबारे चर्चा गरिएको थियो । वक्ताहरूले महिलाले संवैधानिक अधिकार प्राप्त गर्न र सामाजिक तथा राजनीतिक क्षेत्रमा आफ्नो नेतृत्व स्थापित गर्न अग्रज महिलाको संघर्ष महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा त्रिपुरासुन्दरी गाउँपालिकाकी उपाध्यक्ष गीता नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टीकी जिल्ला सभापति माया गुरुङले अग्रज महिलाले सुरु गरेका सचेतना र अधिकारका अभियानले अहिलेको पुस्तालाई नेतृत्वमा आउन महत्वपूर्ण आधार तयार गरेको बताउनुभयो ।

**नेतृत्वसँगै न्यायको पक्षमा उभिएको योगदान**

लिसङ्खुपाखर, भोटेकोशी, जुगल, त्रिपुरासुन्दरी र सुनकोशी गाउँपालिका तथा बाह्रबिसे नगरपालिका र बलेफी गाउँपालिकाका निवर्तमान महिला जनप्रतिनिधिहरूलाई संघीयताको नयाँ अभ्यासका क्रममा देखिएका संस्थागत, स्रोत तथा कार्यप्रणालीका चुनौतीका बाबजुद न्यायबाट वञ्चित तथा हिंसा र अन्यायबाट प्रभावित व्यक्तिको पक्षमा उभिएको योगदानका लागि सम्मान गरिएको हो ।

उहाँहरूले सुविधा र अवसरको अपेक्षाभन्दा माथि उठेर प्रभावित व्यक्ति तथा समुदायलाई आवश्यक सेवा, सहयोग तथा कानुनी र न्यायिक प्रक्रियामा भरोसा दिलाउन खेलेको भूमिकालाई संस्थाले सम्मान गरेको जनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि अमृतकुमार बोहराले पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलाका आवाज अझै पनि विभिन्न तहमा सीमित हुने गरेको उल्लेख गर्दै महिला अधिकारका आवाजलाई व्यवहारमै रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले महिला अधिकार र सामाजिक न्यायका क्षेत्रमा ग्रामीण महिला सिर्जनशील परिवारले लामो समयदेखि गर्दै आएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि यस्ता अभियानलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

सम्मानित व्यक्तित्व सुशिला पाखिनले महिलाले विभिन्न दुःख, कठिनाइ र चुनौतीका बाबजुद एकताबद्ध भएर अघि बढिरहेको बताउँदै प्राप्त सम्मानले आफूहरूलाई थप ऊर्जा र उत्साह प्रदान गरेको बताउनुभयो।

**समानता र न्यायको अभियानलाई निरन्तरता**

संस्थाको ३३ वर्षे यात्रामा महिला अधिकार, लैङ्गिक समानता, हिंसामुक्त समाज निर्माण र सामाजिक समावेशीकरणका क्षेत्रमा महत्वपूर्ण काम हुँदै आएको छ। पितृसत्तात्मक सामाजिक संरचनाबाट सिर्जित लैङ्गिक, जातीय तथा भौगोलिक विभेद र असमानताबाट प्रभावित व्यक्तिको अधिकार, आत्मसम्मान र अस्तित्वका लागि संस्था निरन्तर आवाज उठाउँदै आएको छ।

महिलाले जीवनमा भोगेका कठिन परिस्थिति र हिंसाका अनुभवलाई निराशा र निष्क्रियतामा सीमित नराखी सकारात्मक परिवर्तन र सामाजिक रूपान्तरणको आधार बनाउने अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने संस्थाले जनाएको छ ।

कार्यक्रमको सञ्चालन संस्थाकी महासचिव कल्पना कार्कीले गर्नुभएको थियो भने अतिथिहरूलाई उपाध्यक्ष सुमित्रा अधिकारीले स्वागत गर्नुभएको थियो। कार्यक्रमको समापन संस्थाकी अध्यक्ष नानीमाया थापाले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै गर्नुभएको थियो ।